नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

पत्र संख्याः- ०७९/८०
च.नं. ७/२८३

रामशाहपथ
काठमाडौं,नेपाल

मितिः- २०७९।०४।३०

विषयः- कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै) ।

प्रस्तुत बिषयमा सुरु समायोजन भई वा दोहोरो सहमतिको आधारमा कर्मचारी समायोजन मिलान मापदण्ड बमोजिम स्वास्थ्य सेवाका कर्मचारीहरुको समायोजन भई दरबन्दी भन्दा बढी हुन गएका कर्मचारीहरुलाई कतिपय पालिकाहरुले हाल आएर फिर्ता पठाउने निर्णय गरेको भनी लिखित तथा मौखिक गुनासो आएको सन्दर्भमा तपसिल बमोजिम गर्ने व्यवस्थाका लागि यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७९।०४।३० गते को निर्णयानुसार अनुरोध छ ।

तपसिल :-

१. सुरु समायोजन भएका वा दोहोरो सहमतिको आधारमा समायोजन मिलान भई हाल विभिन्न पालिकाहरुमा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरुलाई सम्बन्धित पालिकाहरुले यथावत जिम्मेवारीमा राखि आवश्यक तलबभत्ताको व्यवस्था पालिकाहरुबाटै गर्ने।

२. कर्मचारी समायोजन मिलान भई आउन सहमति उपलब्ध गराउँदा स्वीकृत दरबन्दी भित्रको रिक्त पद तथा तहको लागि मात्र उपलब्ध गराउने। सहमतिको आधारमा समायोजन मिलान भई स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी हुन गएमा सम्बन्धित पालिकाहरु नै जिम्मेवार हुनु पर्ने तथा दरबन्दी भन्दा बढी कर्मचारीको लागि थप तलब भत्ता बापतको रकम मन्त्रालयबाट निकासा नहुने।

(बैकुण्ठराज रेग्मी)
शाखा अधिकृत